# ८ विश्वास तथा आस्थामा एकता

***यस अध्यायका मूल पदहरू*:** प्रेरित ४:८-१२, प्रेरित १:११, मत्ति २५:१-१३, हिब्रू ९:११, प्रस्थान २०:८-११ र १ कोरन्थी १५:५१-५४।

***यस अध्यायको मूल सार पद*:** **"न त मुक्ति कसैबाट छ, न त स्वर्गको मुनी कुनै मानिसको नाउँ छ जसले हामीहरूलाई मुक्ति दिलाउन सक्छ भनेर बाजी लगाउन सक्छ" (प्रेरित ४:१२ रूपान्तरित)।**

सन् १८८८मा भर्खर बामे सरिरहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा विवादको ठूलो भुईंचालो गएको थियो। त्यस बिवादको विषयमा बाइबलका केही मुख्य पदहरू थिए जसको अर्थ र व्याख्याको लागि तनावपूर्ण वहस भएको थियो। तत्कालीन अमेरिकाका एडभेन्टिस्ट पास्टर, बाइबलका एडभेन्टिस्ट पण्डितहरू र चर्चका अगुवाहरूले दानिएल ७मा उल्लेखित दश वटा सिङ्गहरुको पहिचान र गलाती ३:२४मा लेखिएको व्यवस्थाको महत्त्वको बारेमा घमासान बहस गरिरहेका थिए। तर त्यस बहसले गर्दा एडभेन्टिस्ट बुज्रुक र पास्टरहरूको बीचमा आपसी सदभावना कमजोर भइरहेको थियो। तिनीहरूमा सङ्गति गर्ने र एक आपसको मित्रताको भावना हुनुको सट्टा मनमुटावको बिऊ फस्टाउन थालेको थियो। त्यसको फलस्वरुप चर्चको एकता र लक्ष्य नै नष्ट हुने खतरामा पर्न थालेको थियो।

त्यस मामिलामा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको एक संस्थापक र परमेश्वरको सन्देशवाहक भनेर मानिएकी एलेन जी ह्वाइटले गहिरो दुःख प्रकट गरिन् र त्यस बिबादमा लागिरहेका सबै व्यक्तिहरूलाई विवादको क्रममा तिनीहरूको सम्बन्ध येशूप्रति भएको र तिनीहरूको आचरणले येशूको प्रेम देखाउनु पर्ने आवश्यकताका विषयमा सोच्न आह्वान गरिन्। कतिकुराहरूमा असहमत भएतापनि आफूहरूमा भएको येशूको प्रेम र उहाँसँगको सम्बन्ध एक आपसमा भएको व्यवहारमा देखाउनुपर्ने उनको जिकिर थियो। बाइबलको प्रत्येक पदको अर्थ र व्याख्यामा सबैजना सहमत हुने अपेक्षा गर्न सकिन्छ भन्ने छैन भनेर पनि उनले व्यक्त गरिन्।

फेरि त्यस बखत सेभेन्थ-डे एडभेन्टिस्टको मूल तथा महत्त्वपूर्ण शिक्षादीक्षा तथा विश्वासको मामिलामा सबैले बुझ्न र सहमत हुनको लागि

एकता हुन खोज्नुपर्छ भनेर पनि जोड दिइन् (एलेन जी ह्वाइटद्वारा लिखित *काउन्सिल टु राइटर्स एण्ड इडितरस्,* पृ. २८-३२)। विश्वको सबै इसाईहरूभन्दा छुट्टै पहिचान बोकेका हामी एडभेन्टिस्टहरूमा बाइबलका के यस्ता महत्त्वपूर्ण शिक्षादीक्षाहरू छन् जसले हामीहरूको विश्वासले गर्दा हामीलाई एकतामा राखिएको हुन्छ साथै ती शिक्षादीक्षाले गर्दा हामी एडभेन्टिस्ट हौं भनेर चिनाइन्छौं सो यस अध्यायमा हामी हेर्नेछौं।

## १. केवल येशूमामात्र मुक्ति

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएतापनि अरू इसाईहरूसँग कतिपय बिश्वासको सारमा हामीहरूको साझा धारणा छ। तैपनि हामीहरूसँग बाइबलको सत्यको विषयमा यस्ता विशेष शिक्षाहरू छन् जुन् अरू इसाईहरूसँग मेल खादैन। संसारमा ती इसाईहरूले सिकाइरहेका ज्ञान बाइबलबाट नै भएको तिनीहरूले दावी गरेतापनि तिनीहरूले भन्दा हामीहरूले छुट्टै शिक्षाहरू सिकाइरहेका हामी पाउँछौं। ती आत्मिक शिक्षाले गर्दा हामीहरू परमेश्वरको अन्तिम समयको बचेखुचेका येशूका रेमनेन्ट भक्तहरू हौं भन्ने स्थितिमा पुगिरहेका हुन्छौं।

**मुक्तिको योजनामा येशूको कस्तो महत्त्वपूर्ण ठाउँ छ भन्ने मामिलामा पत्रुसको बुझाइ कस्तो थियो भनेर देहायका पदहरू हेर्नुहोस्: प्रेरित ४:८-१२ "८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, “मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गडो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ ‘यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।’ १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।” र प्रेरित १०:४३ "सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।”**

"परमेश्वरले येशू ख्रीष्टद्वारा संसारलाई आफूसँग मिलाउँदै हुनुहुन्छ" (२ कोरन्थी ५:१९ रूपान्तरित) भन्ने शुभ सन्देश हो भनेर प्रेरित पावलले कोरन्थीहरूलाई सुनाएका थिए। पाप र मृत्युले खडा गरेको परमेश्वर पिता र हामीहरूको बीचमा भएको खाल्डो येशूको मृत्युद्वारा पुरेको थियो। येशूको मृत्यु, पुनरुत्थान र उहाँले गर्दा परमेश्वरसँग भएको मिलापको अर्थको बारेमा शताब्दियौंदेखि चिन्तनमनन गरिरहेको पाइन्छ। यो प्रक्रियालाई अङ्ग्रेजीमा आटोनमेन्ट *atonement* भनिन्छ। यो पुरानो अङ्ग्रेजी शब्द हो जसको अर्थ "आट-वान-मेन्ट" (at-one-ment) हो। यसले एक हुने अवस्था वा सहमत हुने स्थितिलाई जनाउँछ। आटोनमेन्ट वा नेपालीमा प्रायश्चित भन्ने अर्थ लगाइएको छ त्यसले सुमधुर सम्बन्ध राख्ने भनेर जनाउँछ। पहिले एक आपसबाट टाढा भए पनि फेरि मिलेर एक हुनु भन्ने त्यस आटोनमेन्टको खास अर्थ हो। चर्चमा एक हुनु भनेकै त्यस पुनर्मिलनको बरदान भएको मान्नुपर्दछ।

**येशूको मृत्यु र पुनरुत्थानको अर्थ देहायका पदहरूले के सिकाउँदछ? हेर्नुहोस्: रोमी ३:२३,२५ " २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन।"**

**१ यूहन्ना २:२ " २ उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।**

**१ यूहन्ना २:२ " उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।"**

**१ यूहन्ना ४:९,१० " ९ परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्वारा हामी जिउन सकौं। १० प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।"**

**१ पत्रुस २:१९-२५ " १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो**

**के छ र? तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" २३ तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"**

अरू इसाईहरूसँग येशूको मृत्यु र पुनरुत्थानका सम्वन्धमा साझा रूपमा विश्वास गरेतापनि हामीहरूले "अनन्तको सुसमाचारको" परिप्रेक्ष्यमा (प्रकाश १४:६) हामी अडान लिन्छौं। अरू कुनै इसाई सम्प्रदाय वा डिनोमिनेशनले तिन स्वर्गदूतहरूको सन्देशलाई सिकाएको पाइन्दैन। तर सेभेन्थ-डे एडभेन्टिस्टले प्रकाश १४:६-१२को सन्देशलाई जोड दिएर सिकाउँदछ जसमा लेखिएको छ " ६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्।

तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

**येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानले वास्तविक रूपमा हामीलाई दिने आशालाई तपाईंको सामु सधैं जगाइ राख्न तपाईंले के गर्नुपर्छ?**

## २. येशूको दोस्रो आगमन

प्रेरितहरू र सुरुका येशूका चेलाहरूले येशूको आगमनलाई धन्यको आशा भनेर सम्बोधन गरेका थिए (तितस २:१३)। बाइबलमा लेखिएका सबै भविष्यवाणीहरू र प्रतिज्ञाहरू येशूको दोस्रो आगमनमा पूरा हुनेछ भनेर तिनीहरूले अपेक्षा गरेका थिए। यो आशालाई सेभेन्थ-डे एडभेन्टिस्टहरूले अझैसम्म बलियोसँग पकडी राखेका छन्। हामीहरूको नाउँ "एडभेन्टिस्ट"ले नै त्यस आशाको चिनारी हो भनेर देखाउँदछ। सबै जना जसले येशूलाई प्रेम गर्छन् तिनीहरू त्यस दिनको अपेक्षा गरिरहेका हुन्छन् जब तिनीहरू येशूसँग मुखामुख सङ्गति गर्न पाउनेछन्। त्यस दिन नआउँञ्जेल परमेश्वरका जनहरूको निम्ति दोस्रो आगमनको प्रतिज्ञा सबैलाई एकसुत्रमा बाँधिराख्ने प्रभावकारी तत्वको रूपमा रहिरहनेछ।

**कतिपय इसाईहरूले येशूको आगमन बाइबलले भन्दा भिन्नै तरिकाले हुन्छ भनेर सिकाउँदछन्। येशूको दोस्रो आगमनको तरिका धेरै इसाई सम्प्रदायहरूले लोकलाई सिकाएको भन्दा कसरी फरक छन् भनेर देहायका पदहरूले के सिकाउँदछन्? हेर्नुहोस्: प्रेरित १:९-११ "९ उहाँले (येशूले) यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। १० जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। ११ तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।", मत्ती २४:२६,२७ "२६ "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै**

मानिसको पुत्रको आगमन हुनेछ।", प्रकाश १:७ "हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।", १ थेस्सोलिनिकी ४:१३-१८ "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" र प्रकाश १९:११-१६ "११ मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। १२ उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए। उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन। १३ उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो। १४ स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढ़ेर उहाँको पछिपछि लागे। १५ जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ। सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ। १६ उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ।"

उद्धार पाएका आफ्ना जनहरूलाई लिन बारम्बार बाइबलले दोहोऱ्याइएर हामीलाई विश्वस्त पार्न चाहन्छ। जब यो घट्ना हुन्छ तब मानिसहरूले अनेकौं अडकलबाजी र अनुमान गरे अनुसार हुँदैन जुन् येशू आफैले भन्नुभएको छ "तर त्यो दिन र समय कसैलाई थाहा हुँदैन। स्वर्गका

दूतहरूलाई पनि थाहा हुँदैन। तर मेरा पितालाईमात्र थाहा हुन्छ" (मत्ती २४:३६ रूपान्तरित)। येशूको दोस्रो आगमन कहिले हुन्छ भनेर हामीलाई न त थाहा छ न त थाहा दिइएकै छ।

आफ्नो दोस्रो आगमनको समयमा चर्चको अवस्था कस्तो हुनेछ भनेर चित्रण गर्न येशूले एक अर्तिकथा आफ्नो सेवाकार्यको अन्तिम समयमा भन्नुभएको थियो। त्यो थियो दश कन्याको कथा (मत्ती २५:१-१३)। त्यो कथा यसरी भनिएको थियोः १ "तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३ किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। ५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ "तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो। ७ "तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।' ९ "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' १० "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' १२ "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' १३ "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन।"

दुई समूहका कन्या केटीहरूले दुई खालका इसाईहरूलाई चित्रण गर्दछ। ती दुवै खालका इसाईहरूले येशूलाई विश्वास पनि गर्छन् र उहाँको आगमनको निम्ति पर्खिरहेको भनेर दावी गर्छन्। बाहिरबाट हेर्दा ती दुवै कन्याहरू वा विश्वासीहरू त्यस्तै त्यस्तै देखिन्छन्। जब येशूको आगमन हुन्छ तब तिनीहरूको भिन्नता प्रष्टसँग उघारिन्छ। येशूको आगमन ढिलो भएतापनि तिनीहरू धैर्य गरेर पर्खिन्छन् र आत्मिक जीवनलाई जागृत बनाएर उहाँको आगमनको आशाको दियोलाई बालिराखेका हुन्छन्। तर अर्को समूहले येशू आफूहरूले चिताएको समयमा नआउनुभएकोले तिनीहरूले धैर्यता गुमाउँछन् र

आत्मिक रूपमा निदाउँछन् र साथै तिनीहरूको बत्ति पनि पिलपिल हुँदै निभ्न थाल्छ। इसाई अनुभव कुनै भावात्मक र जोशमा भर नपरी परमेश्वरको अनुग्रहमा निरन्तररूपमा उहाँमा भरोसा गर्नु र विश्वासमा अडिग भएर बस्नु हो भनेर येशूले आफ्ना चेलाहरूलाई त्यस अर्तिकथाबाट आफ्ना चेलाहरूलाई सिकाउन चाहनुभएको थियो। उहाँको आगमनको प्रतीज्ञा कुनै प्रत्यक्षरूपमा पूरा भइरहेको नदेखिएपनि उहाँको वचनलाई हृदयमा सधैं सजाइराख्नु जरुरी छ। येशूले दिनुभएको प्रतीज्ञा दुई हजार वर्ष त भयो तैपनि आज पनि उहाँको आगमनको प्रतिक्षा गरिरहनु र उहाँको आगमन जुनसुकै समयमा पनि हुनेछ भनेर तयार भएर बस्न उहाँले आह्वान गरिरहनुभएको छ।

**हामीहरूको नाउँ "सेभेन्थ-डे एडभेन्टिस्ट"ले येशूको दोस्रो आगमन हाम्रो निम्ति कस्तो निर्णायक छ भनेर देखाएतापनि हामीहरूको व्यक्तिगत जीवनमा त्यो आशाको वास्तविकतालाई कसरी जोगाइ राख्ने? समय बित्दै जाँदा येशूले दश कन्याहरूको कथामा भने अनुसार पाँच जना निर्बुद्धि जस्तो नहुन कसरी जागा भइरहने?**

## ३. स्वर्गमा भएको पवित्र स्थलमा येशूको सेवाकार्य

यस संसारमा आफ्नो उपस्थितिको आभास् दिन (प्रस्थान २५:८) परमेश्वरले मोशालाई एक पवित्र स्थान बनाउन अह्राउनुभएको थियो भनेर पुरानो करारले बताउँदछ। त्यस पवित्र स्थानमा हुने विभिन्न विधिहरूले इस्राएलका जनहरूलाई मुक्तिको योजनाको बारेमा सिकाइन्थ्यो। त्यो स्थान अचल थिएन, त्यसकारण त्यसलाई एक ठाउँबाट अर्को ठाउँमा सारिन्थ्यो। पछि राजा सोलोमनको पालामा त्यो सारिरहने पवित्र स्थान अब नसर्ने गरेर भव्य र गौरबशाली भवनमा सारियो (१ राजा ५-८)। मरुभूमिमा बनाइएको पवित्र स्थान र राजा सोलोमनले बनाएको पवित्र स्थान हुने भवन स्वर्गमा भएको पवित्र स्थानको ढाँचामा बनाइएको थियो। "सक्कली वा सत्य पवित्र स्थान परमेश्वरले बनाउनुभएको थियो, मानिसले होइन" (प्रस्थान २५:९,४० रूपान्तरित)।

स्वर्गमा परमेश्वर रहनुहुने पवित्र स्थान छ भनेर बाइबलमा धेरै ठाउँहरूमा उल्लेख गरिएको छ। यस संसारमा भएको सांसारिक पवित्र स्थानमा हुने बलि तथा विभिन्न विधिहरूले मुक्तिको योजनालाई औंल्याइएको

ससाना भविष्यवाणीहरू थिए। त्यसले स्वर्गमा रहेको पवित्र स्थानमा येशूले गर्नुहुने पुजारीको कामलाई औँल्याउँथ्यो।

स्वर्गमा प्रभु येशूले पुजारीको काम गरिहनुभएको छ वा परमेश्वरसँग हामीहरूको निम्ति पहल गरिरहनुभएको छ भनेर देहायका पदहरूले कसरी खुलाएका छन्? हेर्नुहोस्: हिब्रू ८:१-६ "१ अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। २ मानिसले होइन, तर परमप्रभुले खड़ा गर्नुभएको पवित्रस्थान, साँचो वा सक्कली पवित्र वासस्थानमा उहाँ सेवक हुनुहुन्छ। ३ किनकि हरेक प्रधान पूजाहारी भेटी र बलिदान चढ़ाउन नियुक्त भएका हुन्छन्। यसकारण यी प्रधान पूजाहारीसँग पनि अर्पण गर्ने केही सामग्री हुनु आवश्यक छ। ४ उहाँ यस पृथ्वीमै हुनुहुँदो हो त उहाँ पूजाहारी हुनुहुने नै थिएन, किनभने व्यवस्थाबमोजिम भेटी चढ़ाउने पूजाहारीहरू त छँदैछन्। ५ तिनीहरूले स्वर्गको पवित्रस्थानको नकल र छायाको सेवा गर्दछन्, किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, "पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाउनू।" ६ तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ।", हिब्रू ९:११-२८ "११ जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो, उहाँ अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन, अर्थात् यस सृष्टिको अङ्ग होइन। १२ बोका र बाछ्राहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो। १३ बोका र साढ़ेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरूमाथि छर्कदा तिनीहरूको शरीर शुद्ध हुन्छ भने, १४ ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो। १५ यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ। १६

किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ। १७ उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहर्दैन। १८ यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन। १९ जब मोशाले व्यवस्थाको हरेक आज्ञा मानिसहरूलाई सुनाइसके, तब उनले बाछा र बोकाहरूको रगत, पानी, रातो ऊन र हिसपका स्याउलासहित, व्यवस्थाको पुस्तकमाथि र सबै मानिसहरूमाथि छर्के। २० अनि उनले यसो भने, "परमेश्वरले तिमीहरूलाई आज्ञा गर्नुभएको करारको रगत यही हो।" २१ यसै गरी उनले पवित्र वासस्थानमाथि र आराधनामा चलाइने सबै भाँडाहरूमाथि त्यसै किसिमले रगत छर्के। २२ वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन। २३ यदि स्वर्गका कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पर्‍यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नक्कल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" र १ यूहन्ना १:८-१० र १ यूहन्ना २:१-२ "८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।"...१ मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग

**हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट। २ उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि" ।**

येशू स्वर्गमा उक्लिनुभएकोसमयदेखि उहाँ स्वर्गको पवित्र स्थानमा हाम्रो मुक्तिको निम्ति पुजारीको काम गरिरहनुभएको छ (हिब्रू ७:२५)। त्यसकारण हामी सुरो भएर परमेश्वरको अनुग्रहको सिंहासनमा आउनुपर्छ ताकि हामीले उहाँको दया पाऔं र हामीलाई चाहिएको बेलामा हामीलाई अनुग्रह उपलब्ध होस् (हिब्रू ४:१६ रूपान्तरित)।

पृथ्वीमा भएको पवित्र स्थानमा पुजारीले गर्ने सेवाकार्य दुई चरणको हुन्थ्यो। पहिलो चरणमा, पूजारीले पवित्र स्थानको पवित्र भागमा दिनदिनै उसले गर्ने सेवाकार्यको बिधि हुन्थ्यो। अनि वर्षको एक दिन प्रायश्चितको दिनमा महा पवित्र भागमा पुजारी गएर विशेष विधिले परमेश्वरको सेवा गर्दथ्यो। स्वर्गमा भएको पवित्र स्थानमा पनि येशूको सेवामा ती दुई चरणहरू हुन्छन् भनेर धर्मशास्त्रले बताउँदछ। मानिसको निम्ति पहल गर्ने वा विन्ति गर्ने, क्षमा दिने, पुनर्मिलन गर्ने र पुनर्स्थापना गर्ने काम स्वर्गमा भएको पवित्र स्थानको पहिलो भागमा येशूले गर्नुहुन्छ भनेर चित्रण गरिएको छ। कोही पापीले पश्चाताप गऱ्यो भने प्रभु येशूको मध्यस्थताको कारणले त्यो पापीको परमेश्वर पिताकहाँ तुरन्तै पहुँच हुन्छ (१ यूहन्ना २:१)। सन् १८४४देखि स्वर्गको पवित्र स्थानको महा-पवित्र भागमा जानुभएर येशूले सेवा आरम्भ गर्नुभएको थियो। जसरी मूल पुजारीले प्रायश्चितको दिनमा वर्षको एक दिन त्यस स्थानमा गएर त्यहाँ भएको पवित्र सन्दुकमाथि राखिएको स्वर्गदूतको प्रतीकलाई इस्राएलीहरूको निम्ति रगत छर्किएर सफा गर्दथ्यो जसको अर्थ पापीहरूको न्यायको फैसला गरिएको हो भन्ने लाग्दथ्यो (लेबी १६) , येशूको सेवाकार्यको त्यही पक्ष सन् १८४४देखि सुरु भएको थियो। स्वर्गमा भएको पवित्र स्थानको महा-पवित्र स्थानमा सफा गरिने काम पनि पापीको निम्ति येशूले रगत बगाउनुभएको आधारमा थियो। जुन प्रायश्चितको विधि येशूले स्वर्गको महा-पवित्र स्थानमा गर्नु भएको थियो त्यसको विशेष अर्थ छ। त्यसले येशू ख्रीष्ट मानिसको निम्ति बलि हुनुभएको पुण्य कामले भविष्यमा लागु हुने अन्तिम कार्यविधिलाई जनाउँछ। त्यो हो, पापको अस्तित्वलाई सदाको निम्ति हटाइने र परमेश्वरको शासनमुनि सुव्यवस्थामा रहन सारा जगतमा पुनर्मिलन ल्याउने काम सम्पन्न गर्ने। येशूको यी दुई चरणको सेवाकार्यको गहिरो

आत्मज्ञानले मुक्तिको सारा योजनालाई बुझाउन सहयोग गर्दछ। यो शिक्षाको ज्ञान इसाई जगतको निम्ति सेभेन्थ-डे एडभेन्टिस्टको बिशेष देन हो। येशूको यो विशेष कार्यको व्याख्या गरेर अरू कुनै चर्चमा सिकाइएको देखिंदैन्। प्रत्येक एडभेन्टिस्ट विश्वासीले यस ज्ञानलाई एडभेन्टिस्ट चर्चको बिशेषता भनेर मानिलिनु जरुरी छ।

## ४. साबथ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको अर्को निर्णायक विशेषता भनेको यसले हप्ताको सातौं दिन शनिवारलाई नै सबै मानिसले मान्नुपर्ने पवित्र साबथ दिन हो भनेर ठोकुवा गरेर त्यसको गरिमालाई उचाल्नु हो। सबै सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई एकताको शुत्रमा बाँधिराख्ने मूल शिक्षा नै साबथ दिन हो। यसले गर्दा सबै एडभेन्टिस्टहरूको बीचमा सङ्गतिको निम्ति सुमधुर मिलनको वातावरण बनाउँछ। परमेश्वरले छ दिनमा यो संसार सृष्टि गर्नुभएर त्यसको सम्झनाको निम्ति दिनुभएको सावथ दिनलाई पालन गरेर उहाँको महिमा गर्नु पर्ने जिकिर गर्ने सायद हामी सेभेन्थ-डे एडभेन्टिस्ट मात्रै हौंला।

समस्त मानव प्राणीको निम्ति साबथ परमेश्वरको बरदान हो जुन सृष्टिको समयमा नै दिनुभएको थियो (उत्पत्ति २:१-३)। सृष्टिको सबै काम सकिएर परमेश्वरले दिनुभएको साबथमा अरू दिनहरूभन्दा विशेष देखाउन उहाँले तीन काम गरेर त्यस दिनलाई स्थापना गर्नुभएको थियोः (१) परमेश्वर आफैले साबथमा बिश्राम लिनुभयो, (२) हप्ताको त्यस सातौं दिनलाईमात्र उहाँले आशिष दिनुभयो, र (३) अरू दिनहरूभन्दा अलग बनाउन त्यस दिनलाई पवित्र तुल्याउनुभयो। ती तिन कार्यहरूद्वारा स्थापना गर्नुभएको साबथ परमेश्वरको विशेष उपहार हो। यस संसारमा मानव जातले स्वर्गको बास्तिवकताको अनुभव गर्न र परमेश्वरले नै छ दिन लगाएर यस संसारको सृष्टि गर्नुभएको हो भनेर समर्थन जनाइ राख्न साबथ दिइएको हो। यहूदी धर्मको प्रख्यात पण्डित रब्बी अब्राहम जोशुवा हेस्कलले साबथलाई "समयको दरवार" भन्नुभएको थियो। यो पवित्र दिन हो जब परमेश्वरले आफ्ना जनहरूसँग विशेष रूपमा भेट्नुहुन्छ।

**समस्त मानव कल्याणको निम्ति दिइएको साबथको अर्थको बारेमा देहायका केही पदहरूले कसरी सिकाउँदछन्? हेर्नुहोस्ः प्रस्थान २०:९-११ "९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिं दिन**

परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।", व्यवस्था ५:१२-१५ "१२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू– आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।" र इजकिएल २०:१२,२० "१२ त्यसबाहेक तिनीहरूलाई पवित्र पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो बीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथदिनहरू पनि ठहराइदिएँ।...२० मेरा शबाथहरू पवित्र राख, र ती मेरो र तिमीहरूका बीचमा चिन्ह होऊन्। तब तिमीहरूले म नै परमप्रभु तिमीहरूका परमेश्वर हुँ भनी जान्नेछौ।"

प्रभु येशूलाई हामीहरूले हृदयदेखि श्रद्धा राखेर प्रेम गरेको हुनाले उहाँको अनुसरण गर्ने कार्यलाई हामी अवसरको रूपमा लिन्दछौं। उहाँको नियमित आदत अनुसार प्रत्येक साबथ दिनमा यहूदीहरूको सभा घर सिनिगगमा जानुहुन्थ्यो (लूका ४:१६)। साबथ दिनमा हुने आराधना सेवाकार्यहरूमा येशू संलग्न हुनुभएकोले त्यस दिन बिश्रामको दिन र परमेश्वरको आराधना गर्ने दिन हो भनेर उहाँले अनुमोदन गर्नुभएको कुरालाई प्रकट गर्दछ। उहाँले कतिपय साबथमा बिरामीहरूलाई निको पार्नुभएको थियो। त्यसले साबथको बहुआयामिक पक्षहरूलाई सिकाउँदछ। साबथको उत्सबले मानिसहरूलाई आत्मिक र शारीरिक तन्दुरुष्ति बनाउँछ भनेर सिकाउँदछ। त्यही सन्दर्भमा लूका १३:१०-१७मा एक घट्ना छः "१० एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो। ११ त्यहाँ एउटी स्त्री थिई,

जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई। १२ येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।" १३ तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी। १४ सभाघरका शासक क्रोधित भए, किनकि येशूले शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, "काम गर्ने छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन।" १५ तर प्रभुले जवाफ दिनुभयो, "कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन? १६ अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन र?" १७ उहाँले यी कुरा भन्नुभएपछि उहाँका विरोधीहरू सबै शर्ममा परे, तर उहाँले गर्नुभएका सबै महिमामय कामहरूमा मानिसहरू आनन्दित भए।"

येशूले साबथलाई निलम्बन गर्नुभएको थिएन भनेर येशूका चेलाहरू र सुरुका इसाईहरूले बुझेका थिए। तिनीहरू आफैले त्यस दिनको पालन गरेका थिए र त्यस दिनमा हुने सेवाकार्यमा तिनीहरू सहभागी भएका थिए (प्रेरित १३:१४,४२,४४, १६:१३, १७:२, १८:४)।

हामीहरूलाई परमेश्वरले पापबाट उद्धार गर्नुभयो भनेर देखाउने साबथको अर्को महत्त्वपूर्ण सुन्दर पक्ष हो। परमेश्वरले इस्राएलीहरूलाई मिश्र देशको दासत्वबाट छुटकारा दिनुभएको थियो ताकि तिनीहरूले कनानदेशमा विश्राम पाउन्। यो दासत्वको बन्धनबाट छुटकारादिने प्रतिज्ञा परमेश्वरले इस्राएलीहरूलाई दिनुभएको थियो (व्यवस्था ५:१२-१७)। त्यो प्रतिज्ञा परमेश्वरले पूरा गर्नुभयो भन्ने स्मारकको रूपमा पनि साबथ खडा भइरहेकोछ। कनान देशमा गएर साबथको आनन्द कतिपय समयमा ती इस्राएलीहरूले गर्न पाएका थिएनन् किनभने तिनीहरू बराम्बार परमेश्वरको बिरुद्धमा गएका थिए र परमेश्वरले मनाही गर्नुभएको मूर्तिपूजामा तिनीहरू लागेका थिए। यद्यपि, आज पनि परमेश्वरले आफ्ना जनहरूलाई बिश्राम दिनको प्रतिज्ञा कायमै भएको देखाउनुभएको छ। त्यस दिनमा प्रवेश गर्न प्रयत्न गरौं भनेर येशूको पुनरुत्थान भएको धेरै समयपछि उहाँको चेला हुन पुगेका पावलले भनेका थिए। "१ यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। २ किनकि

हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्‍वासपूर्वक यिनलाई ग्रहण गरेनन्। ३ किनकि हामी विश्‍वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्‍नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्‍नुभएको छ, "परमेश्‍वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्‍नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" ६ कसै-कसैलाई प्रवेश गर्न अझै बाँकी नै छ, र तिनीहरू, जसलाई अघिअघि सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू आफ्ना अनाज्ञाकारिताले गर्दा पस्न सकेनन्। ७ फेरि परमेश्‍वरले "आज" भनी एक दिन ठहराउनुभएको छ, जब उहाँले धेरै समयपछि दाऊदद्वारा अघि भनिएकै कुरा फेरि भन्‍नुभयो, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने तिमीहरूका हृदय कठोर नपार।" ८ किनकि यहोशूले तिनीहरूलाई विश्राम दिएका भए त परमेश्‍वरले पछिबाट अर्को दिनको विषयमा भन्‍नुहुनेथिएन। ९ यसकारण परमेश्‍वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्‍वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्‍वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्‍न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।" (हिब्रू ४:९-११)।

जो त्यस बिश्राममा पस्न चाहन्छ त्यो येशूले उपलब्ध गराउनुभएको मुक्तिमा विश्‍वास गरेर पस्न सक्दछ। साबथलाई पालन गर्नु भनेको येशूमा पाइने आत्मिक बिश्राम र शान्तिको प्रतीकलाई मान्‍नु हो। हामीहरूको धर्मकर्म, त्याग तपस्याले हामी मुक्ति पाउँदैनौं तर येशूको सुकार्यमा नै मुक्तिको लागि भर पर्नुपर्छ र उहाँले मात्र हामीलाई अनन्त जीवन दिनुहुन्छ भनेर औंल्याउने तत्व साबथको गरिमा हो। येशूमा पाइने आत्मिक विश्रामको प्रतीक साबथ हो। येशूमा पाइने विश्रामको बारेमा मत्ती ११:२८-३०मा उहाँले भन्‍नुभएको छ "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म

विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।"

**आफ्ना जनहरूले एकता र सङ्गतिको अनुभूति पाउन् भन्ने येशूको चाहना प्रत्यक्षरूपमा के तपाईंको साबथको अनुभवले मद्दत पाउनुभएको छ?**

## ५. मृत्यु र पुनरुत्थान

"परमेश्‍वरले जमीनको माटो वा धुलोलाई लिनुभयो र त्यसलाई मुछेर मानिसको आकार बनाउनु भयो। उसको नाकमा जीवनो सास फुकि दिनुभयो। तब मानिस जीवित प्राणी भयो" (उत्पत्ति २:७ रूपान्तरित) भनेर सृष्टिको बृतान्तले बताउँछ। यस विवरणले मानव प्राणीमा भएको जीवन परमेश्‍वरबाट आएको हो भनेर प्रकट गर्दछ। त्यसको अर्थ के मानिसको जीवन स्वःत अमर छ त? (वा मानिस सधैं जीवित भएर कुनै न कुनै अवस्थामा बस्छ त जसरी विभिन्न धर्म दर्शनहरूले सिकाउँदछ? कतिपय इसाई वा अरू धर्महरूले पापीहरू सदा सर्वदा नरकमा जीवित भएर यातना भोगिरहन्छन् भनेर मानव आत्मा अमर छ भन्ने बाइबल बिपरीत शिक्षा सिकाउँदछन्-अनुवादकको टिप्पणी)। तर केवल परमेश्‍वरमात्र अमर हुनुहुन्छ भनेर बाइबलले हामीलाई सिकाउँदछ (उहाँमा नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन। उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ। उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस्। आमेन।" १ तिमोथी ६:१६)। जब परमेश्‍वरले मानिसलाई सृष्टि गर्नुभयो तब उसलाई अमरत्व स्वःत दिइएको थिएन। परमेश्‍वरको स्वभावको बिपरीत मानिस मरणशील छ। हामीहरूको "जीवन बाफ जस्तो छ। एक छिन देखा पर्छ अनि अलप हुन्छ" (याकूब ४:१४ रूपान्तरित) भनेर धर्मशास्त्रमा हामीहरूको जीवन परमेश्‍वरको भन्दा कतिको फरक छ भनेर खुलासा गरिएको छ। जब हामी मर्छौं तब हामी सुतेको अवस्थामा हुन्छौं जहाँ हामीहरूको विवेक हुँदैन। (हेर्नुहोस्ः उपदेशक ९:५,६,१० "किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ।६ तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन।...१० तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा, जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने, न योजना गर्ने, न ज्ञान, न

बुद्धि नै हुन्छ।", भजन १४६:१-४ "१ हल्लेलूयाह! ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर! २ म जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु, म जीवित रहुञ्जेल मेरा परमेश्वरको स्तुति गाई नै बस्नेछु। ३ आफ्नो भरोसा संसारका शासकहरूमाथि नराख, मरणशील मानिसमाथि, जसले बचाउन सक्दैनन्। ४ जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्। त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्।", भजन ११५:१७ "मृतकहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोकमा (वा चिहान) जानेहरूले उहाँको प्रशंसा गर्दैनन्।" र यूहन्ना ११:११-१५ "११ त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" १२ चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको हुनेछन्।" १३ येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। १४ येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्। १५ तिमीहरूले विश्वास गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु। जे भए तापनि हामी तिनीकहाँ जाऔं")।

निःसन्देह, मानिसहरू मरणशील चोला लिएर आउँछन् र ऊ मृत्युको पासोमा पर्दछ तैपनि येशू ख्रीष्ट अमरत्वको स्रोत हुनुहुन्छ भनेर बाइबलले बताउँदछ। उहाँले उपलब्ध गराउनुभएको मुक्तिलाई जसजसले विश्वास गर्दछ उसलाई अमरत्व र अनन्त जीवन दिइने प्रतिज्ञा बाइबलमा भनिएकोछ। "प्रभु येशूमा पाइने अनन्त जीवन परमेश्वरको उपहार हो" (रोमी ६:२३ रूपान्तरित)। येशू ख्रीष्टले "मृत्युलाई उन्मुलन गर्नुभयो र सुसमाचारको ज्योति मार्फत उहाँले जीवन र अमरत्व ल्याउनुभयो" (२ तिमोथी १:१० रूपान्तरित)। "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो। जसजसले उहाँमाथि विश्वास गर्छ त्यो नाश हुँदैन तर अनन्त जीवन पाउँदछ" (यूहन्ना ३:१६ रूपान्तरित)। त्यसकारण अहिले हामी मरेतापनि वा सुतेको जस्तै भएतापनि यदि हामीले येशूलाई विश्वास गर्‍यौं भने हामीले अनन्त जीवन पाउने आशामा हामी बाँचिरहन सक्छौं।

**मरेपछि तत्काल मानिस के हुन्छ र मानिसले अमरत्व कहिले प्राप्त गर्न सक्छ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँदछ? हेर्नुहोस्: "३५ तर कसैले सोध्ला "मृतकहरू कसरी पुनर्जीवित हुन्छन्, र तिनीहरू कस्ता किसिमको शरीर लिएर आउनेछन्?" ३६ हे मूर्ख! जे तिमी रोप्तछौ त्यो**

नमरिकन सजीव हुँदैन। ३७ जे तिमी रोप्तछौ त्योचाहिँ पछि हुने शरीर होइन,
तर बीउ मात्र रोप्तछौ, चाहे त्यो गहूँ, अथवा अरू कुनै किसिमको अन्न होस्।
३८ तर आफूलाई खुशी लागेबमोजिम परमेश्वरले त्यसलाई एउटा शरीर
दिनुहुन्छ, र हरेक किसिमको बीउलाई त्यसैको शरीर दिनुहुन्छ। ३९ सबै शरीर
एकै किसिमका हुँदैनन्। मानिसको शरीर एक किसिमको, र जीवजन्तुहरूको अर्कै
किसिमको, चराहरूको अर्कै किसिमको र माछाहरूको अर्कै किसिमको शरीर
हुन्छ। ४० अनि शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन्। स्वर्गीय शरीरको तेज
एक किसिमको छ, र पार्थिव शरीरको तेज अर्कै किसिमको। ४१ सूर्यको तेज
एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै
किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ।
४२ मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो
अविनाशमा जीवित हुन्छ। ४३ अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित
हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ। ४४ प्राकृतिक
शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ। प्राकृतिक शरीर छ
भने आत्मिक शरीर पनि अवश्य हुन्छ। ४५ यसकारण यस्तो लेखिएको छ,
"पहिलो मानिस आदम जीवित प्राणी भयो।" अन्तिम आदम जीवन दिने आत्मा
भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ
आत्मिक हो। ४७ पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस
स्वर्गको हो। ४८ माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि
त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९
जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका
मानिसको रूप धारण गर्नेछौं। ५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु,
मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको
हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै
सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक
निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू
अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि
यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण
गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब
लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु,
तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र

**पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। ५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन ।" १ कोरिन्थी १५:३५-५८ र "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेसलोनिकी ४:१३-१८।**

मानिसले अमरत्व त्यसबेला धारण गर्छ जब तुरहीको आवाजमा येशू ख्रीष्ट यस संसारमा दोस्रो पल्ट आउनुहुनेछ तर तत्कालै मरेको बेलामा होइन भनेर प्रेरित पावलले स्पष्टरूपमा व्याख्या गर्दछन्। हो, जब कुनै मानिसले येशूलाई आफ्नो मुक्तिदाता भनेर विश्वास गर्छ तब त्यसबखत उसले अनन्त जीवनको प्रतिज्ञा पाउँछ तर त्यो प्रतिज्ञा त्यसबेला पूरा हुन्छ जब उहाँको आगमनमा उसको पुनरुत्थान हुन्छ। मानिस मरेपछि उसको आत्मा तत्कालै सिधै स्वर्ग जान्छ वा नरकमा जान्छ वा कुनै रूप धारण गरेर पृथ्वीमा वा पृथ्वी र स्वर्गको बीचमा घुमिरहन्छ वा पितृ भएर बस्छ भन्ने शिक्षा नयाँ करारलाई थाहा छैन। यस्तो धारणाको जग बाइबलले वर्णन गरेको सृष्टिकर्ता सनातन परमेश्वरलाई विश्वास नगर्ने धर्म र दर्शनमा पाइन्छ। यो पौराणिक ग्रीक र रोमी धर्मगुरु र दार्शनिकहरूले सिकाएको शिक्षामा पाइन्छ तर पुरानो र नयाँ करारमा त्यस्तो शिक्षा सिकाइएको पाइन्दैन।

**हामीहरूले बुझेको मृत्यको बारेमा भएको ज्ञानले येशूको दोस्रो आगमनको प्रतिज्ञा र महत्त्वलाई सराहना अझ धेरै गर्न हामीलाई कसरी सहयोग**

**गर्दछ? सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई एकै ठाउँमा राख्न यस विश्वासले कसरी प्रभावकारी भूमिका खेल्दछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट**द्वारा लिखित *काउन्सिल टु राइटर्स एण्ड एडिटर्सको* पृ. २८-३२को अध्याय "द फाउन्डेशनस्, पिलर्स, एण्ड ल्याण्डमार्कस्" र एलेन जी ह्वाइट इन्साइक्लोपिडियाको पृ. ७७८, ७७९को लेख "डक्ट्रिनस्, इम्पोर्टान्स अभ,"।

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले अरू सम्प्रदायका इसाई बन्धुहरूसँग बाइबलका महत्त्वपूर्ण शिक्षा तथा विश्वासहरूमा साझा सहमत भएका छौं। मुक्ति भनेको केवल येशूमामात्र विश्वास गरेर उपलब्ध हुन्छ भन्ने प्रायजसो सबै इसाईहरूको विश्वासमा हामी पनि सहमत भएका छौं। येशूको मृत्युले हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो र उहाँले हाम्रो निम्ति पापको प्रायश्चित गर्नुभयो भन्ने विश्वास बाइबलमा विश्वास गर्ने सबै इसाईहरूसँग हामी एकमत छौं। अरू इसाईहरू सरह हामी पनि यो विश्वास गर्दछौं कि हामीहरूको धार्मिकता हामीहरूको कुनै धर्मकर्म वा काममा होइन तर येशूको धार्मिकतामा आधारित छ। येशूमा पाइने अनन्त जीवन र धार्मिकता हामीहरूको विश्वासबाट पाइने परमेश्वरको अनुग्रहको बरदान हो र त्यसलाई पाउन हामी योग्य भएर होइन। यस सन्दर्भमा एलेन जी ह्वाइटले एक प्रख्यात मन्तव्य यसरी व्यक्त गरेकी छिन्ः "जुन व्यवहार हामीहरूको पापले गर्दा पाउनुपर्ने हो येशू ख्रीष्टले पाउनुभयो ताकि उहाँले पाउनुपर्ने सम्माननीय व्यवहार हामीले पाऔं। हामीहरूको पापको निम्ति उहाँ दोषी ठहऱ्याइनु भयो जसमा उहाँको केही पनि दोष थिएन तर उहाँले गर्दा हामीहरू धर्मी ठहरिऔं जसमा हाम्रो केही पनि पुण्यकार्य थिएन। हामी मर्नुपर्ने मृत्युको यातना उहाँले भोग्नुभयो ताकि उहाँको जीवन हामीले पाऔं।"-*द डिजाएर अभ एजेज,* पृ. २५बाट रूपान्तरित। फेरि समुच्चरूपमा हेर्ने हो भने हामीहरूको मौलिक विश्वासको शिक्षाहरू र ती शिक्षाहरूको उपजले हामीहरूको जीवन शैली र आचरणमा अरू इसाईहरूभन्दा हामीहरू विशेष हुन गएको कुरालाई बिर्सनुहुन्न। ती विशेषताहरूलाई हामीहरूले कायमै राख्नुपर्दछ। यदि ती विशेषताहरू भएन भने हामी एडभेन्टिस्ट भएको औचित्य के छ र? येशूप्रति हामीहरूको प्रेम र हामीहरूले सिकाउने शिक्षादीक्षाहरू हामी सबै

एडभेन्टिस्टहरूलाई एकै ठाउँमा राख्ने वा एकताको शुत्रमा बाँध्ने अत्यन्त शक्तिशाली तत्वहरू हुनैपर्छ।

**चिन्तनमनन:**

अ) **एलेन जी ह्वाइटले आफ्नो पुस्तक फेथ एण्ड वर्कसको पृ.१०३मा परमेश्वरको सामु निर्दोष ठहरिनुसँग पापको क्षमाको बराबरीमा राख्नुभएको छ। येशूमा हामीले पाउने क्षमा र निर्दोष ठहरको सराहनानै हामीहरूको सङ्गति र विश्वासी दाजुभाइ र दिदी बहिनीहरूसँग मिल्ने आधार किन हुनुपर्छ?**

आ) **चर्चलाई एकैशुत्रमा राख्ने सन्दर्भमा हामीहरूको सिद्धान्तहरू कतिको महत्त्वपूर्ण छन्, सोच्नुहोस्। के हामीहरूले विश्वास गरेको सिद्धान्त वा शिक्षादीक्षाले नै विभिन्न जातीय, धार्मिक, राजनैतिक र सांस्कृतिक पृष्ठभूमिबाट आएका विश्वका लाखौं मानिसहरूलाई एकै थलोमा ल्याइएको होइन र? हामीहरूले सिकेका वा सिकाइएका सिद्धान्त कतिको महत्त्वपूर्ण रहेछ भनेर त्यसले कसरी बताउँछ? हामीहरूको सन्देश र चर्चले काम गर्ने लक्ष्यमा मात्र नभएर चर्चको एकता नै हामीहरूको शिक्षादीक्षा वा सिद्धान्तहरूमा आधारित होइन र?**

इ) **हामीहरूको सेभेन्थ-डे एडभेन्टिस्टको नाउँले नै दुई निर्णायत्मक शिक्षाहरूलाई औंल्याउँछन्: हप्ताको सातौं दिन साबथ र येशूको दोस्रो आगमन। एउटा भागले हामीहरूको सृष्टिलाई औंल्याउँछ भने अर्कोले हामीहरूको मुक्तिलाई। ती दुई शिक्षाहरूमा आपसी सम्बन्ध के छ र ती दुई शिक्षाहरूले गर्दा नै हामीहरू को हौं भन्ने विशेष चिनारी कसरी गराउँछ?**

**सारांश:** प्रायजसो सबै इसाईहरूले विश्वास गरेका मौलिक शिक्षाहरूसँग सेभेन्थ-डे एडभेन्टिस्टहरूको शिक्षा मिल्दछ। तर कतिपय शिक्षाहरूमा हामीहरूको र अरू इसाईहरूको साझा धारणा छ भने कतिपयसँग मिल्दैन। बाइबलमा आधारित अरू इसाईहरूको शिक्षाहरू अङ्गाल्दै हामीहरूको विशेष शिक्षाहरूले गर्दा हामीहरू सेभेन्थ-डे एडभेन्टिस्ट भनेर यस संसारमा चिनिएका छौं र ती शिक्षाहरू नै येशूमा हुने हामीहरूको एकताको जग हुन्।

## कथा ८
## जीवनलाई परिवर्तन गर्ने फोहरमैला
## पेट्रुसटोबोलु, ५० इन्डोनेसिया

जब आफ्नी १९ वर्षकी छोरी मोनिकले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन् भनेर किसानी बाबु पेट्रुसटोबोलुले थाहा पाए तब उनी आगो भए।

पेट्रुसटोबोले इन्डोनेसियाको हालमहरा टापूको गाउँ सोहुकुममा ३५ वर्षसम्म पास्टरी काम गरेका थिए। उनको छोरीलाई एडभेन्टिस्ट पास्टरले उनको अनुमति बिना कसरी बप्तिस्मा दिन हिम्मत गरे भन्ने कुरालाई उनले बुझ्न सकेनन्। एडभेन्टिस्ट शिक्षादीक्षा शैतानबाट आएको हो भनेर उनी ठान्दथे। त्यसकारण ठूलो लठ्ठी लिएर उनेले आफ्नी छोरीलाई बेस्सरी कुटे। "एडभेन्टिस्ट आस्थालाई छोड!" रिसले जुरमुरिँदै उनी चिच्याए।

मोनिकाले केही शब्द पनि बोलिनन् तर रोएरमात्र बसिन्। त्यसले गर्दा बाब झन अलमलिए। त्यसरी कुट्दा पनि आफ्नी छोरी किन नरिसाएको भनेर उनी छक्क पर्न थाले।

हिमाहरा टापुमा सुसमाचार प्रचारको क्रममा मोनिका बाइबल अध्ययनमा लागेकी थिइन्। त्यसपछि उनीसहित अरू तिन जना युवा युवतीले पनि बप्तिस्मा लिएका थिए। दुई जना मिसिनेरी बिद्यार्थीहरूको सुसमाचार प्रचारको कामले त्यस टापुमा एडभेन्टिस्ट भएकाहरूमा तिनीहरू पहिला थिएनन्।

एक दिन मोनिकाले एडभेन्टिस्ट किताबहरू भएको एउटा बाकस घरमा ल्याइन्। पेट्रुस रिसले आगो भएर त्यो बाकस मोनिकाबाट खोसे र घरको पछाडि फोहर फाल्ने ठाउँमा हुत्तै फ्याँकिदिए। तर जब बाकस जमिनमा फुटेर खस्यो तब त्यसबाट किताबहरू निस्के। ती किताबहरूमा प्रचारक मार्क फिन्लेले लेखेको एउटा किताबमा उनको आँखा पुग्यो। त्यो किताबको शीर्षक थियो "झण्डै बिर्सेको दिन।" उनले कसैले थाहा नपाउने गरि त्यो किताब फोहरको थुप्रोबाट सुटुक्क लिए। उनले एडभेन्टिस्ट वर्ल्ड पत्रिका पनि पनि लिए।

अर्को दिन बिहान ती सामग्रीहरू लिएर तिनी खेतमा काम गर्न गए। तर उनले काममा ध्यान दिन सकेनन्। उनले दश बजेसम्म काम गरे। अनि

बाँकि दिनमा त्यो पुस्तक र पत्रिकाहरू पढेर बिताए। अर्को दिन पनि त्यस्तै भयो। उनले पुस्तकमा भएका पदहरू आफ्नो बाइबलसँग तुलना गरे। एडभेन्टिस्ट सामग्रीहरू सत्य हो कि होइन भनेर उनले ठम्याउन चाहेका थिए। उनले ती सामग्रीहरू ८ महिनासम्म कसैलाई थाहा नदिइ पढे।

"त्यस पुस्तकमा के लेखिएको थियो सो बाइबलमा पनि भएको मैले थाहा पाएँ। म अध्ययन गरिरहें र साबथको बारेमा लेखिएको सामग्रीप्रति म प्रभावित भएँ।

शनिबार नै बाइबलले सिकाए अनुसार साबथ हो भनेर बुझेपछि उनले आफ्नो चर्चमा साबथको बारेमा प्रचार गर्न थाले।

आइतबारको दिन चर्च आउने गरेका विश्वासीहरूलाई उनले एक आइतबार भने, "यदि शनिबार नै साबथ हो भने त्यो दिनमा हामी किन आराधना नगर्ने? यदि बाइबलले भनेको अनुसार हामी चलेनौं भने हामीसँग बाइबल भएको के काम?"

उनको प्रवचनले चर्चका विश्वासीहरू एकदम झस्के। "यस्तो खालको प्रवचन त धेरै समयदेखि हामीले सुनेका छैनौं। सायद तपाईंले नयाँ शिक्षा पो ल्याउँदै हुनुहुन्छ कि क्या हो?" तिनीहरूले उनलाई सोधे।

आफूले चर्चमा एडभेन्टिस्ट शिक्षा घुसाइरहेका थिए भनेर पेत्रुसलाई थाहा थिएन। उनलाई बाइबलले के भनेको थियो सो उनले बुझेका थिए। बाइबलको सत्यतालाई मात्र उनले प्रचार गर्न खोजेका थिए। बिस्तारै उनले शनिबार नै परमेश्वरको आराधना गर्न थाले।

जब पेत्रुसकी दिदीले उनको विश्वासको बारेमा सुनिन् तब उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा संलग्न हुन सल्लाह दिइन्। आफ्नी छोरीबाट दिदीले एडभेन्टिस्ट चर्चको बारेमा सुनेकी थिइन्। उनकी छोरी सुलावसी टापुमा रहेको एडभेन्टिस्ट युनिभर्सिटीक्लाबाटमा पढेकी थिइन्।

केही समयपछि केही एडभेन्टिस्ट पास्टरहरू पेत्रोस भएको टापुमा गए। तिनीहरूलाई आफ्नो चर्चमा प्रचार गर्न निम्तो दिए। जब पास्टरहरूले प्रवचन दिंदै थिए तब चर्चका केही सदस्यहरूले चर्चमा ढुंगामुढा गरे। पेत्रोसले ती पास्टरहरूलाई लुकाउनु परेको थियो र सुटुक्क तिनीहरूलाई गाउँबाट सुरक्षितसाथ भगाएर लगेका थिए। जब पेत्रोस फर्केर आए तब गाउँलेहरू लठ्ठीहरू लिएर उनलाई कुट्न पर्खिरहेका थिए। तर तिनीहरूलाई सम्झाए र

आफू गाउँबाट निस्किने मञ्जुरी गरे। उनले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिन चाहेका थिए।

पेत्रोस आफ्नो परिवारसहित मानाडो सहरमा गए। त्यो सहरमा धेरै एडभेन्टिस्टहरू थिए। त्यो सहरमा एडभेन्टिस्ट विश्वविद्यालय पनि थियो। उनले श्रृखलाबद्ध रूपमा चलाएको सुसमाचार कार्यक्रममा भाग लिए। अनि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए।

जब पेत्रोस र आफ्नो परिवार आफ्नो घरमा फर्के तब तिनीहरूको घरमा अरू मानिसहरू सरेर बसिसकेका थिए। तिनीहरू आफ्नो खेतको नजिक भएको एउटा घरमा दुई महिनासम्म बसे। उनको अरू दुई छोराहरू जो १३ र १७ वर्षका थिए, तिनीहरूले पनि बप्तिस्मा लिए।

साबथमा चर्च चलाउन तिनीहरूलाई गाउँलेहरूले रोकि नै रहे। त्यसकारण तिनीहरू मानान्डोमा गए जहाँ तिनीहरूले गहिरोरूपमा बाइबल अध्ययन गर्न सकेका थिए।

दुई वर्षपछि तिनीहरू फेरि आफ्नै गाउँमा फर्केर आए र गाउँलेहरूलाई साथी बनाउन थाले।

"हामीहरूले गाउँका मानिसहरूसँग घुलमिल गऱ्यौं र परमेश्वरको वचन सुनायौं। हामीहरूले आफ्नै नातेदारहरूबाट सुरु गऱ्यौं। अनि तिन वर्षभित्रमा २७ जनाले बप्तिस्मा लिए र चर्चलाई सँगठित गरियो।

आज वर्ष ५०को पेत्रोस चर्चको एल्डर भएर चर्चको सेवा गर्दछन्। आफ्नो गाउँमा सन् २०१७मा सुसमाचारको कार्यक्रम राखे र त्यहाँ पनि तिन जनाले बप्तिस्मा लिए।

सुरुमा गाउँलेहरूले मदेखि सुरु गरेर एडभेन्टिस्टहरूलाई सताए। तर अहिले हामी आठ परिवारहरू मिलेरप्रत्येक साबथमा आराधना गर्दछौं।" पेत्रोसले भने।